O/C

# काठमाडौंमहानगरपालिका

श्री महानगरपालिका कार्यालय

## नगर कार्यपालिकाको कार्यालय

प.सं.:०७४।०७५
च.नं.: ६६

मिति: २०७४।०४।२३

विषय: <u>अधिकार प्रत्यायोजन गरिएको बारे ।</u>

श्री वडा अध्यक्षहरु,
सबै वडा कार्यालयहरु,
काठमाडौं महानगरपालिका ।

प्रचलित कानून बमोजिम तपाईंलाई देहाय बमोजिमको अधिकार प्रत्यायोजन गरेको छु । प्रत्यायोजित अधिकार प्रयोग गर्दा प्रचलित कानूनको पालना गरी गर्न हुनेछ ।

<u>देहाय</u>

१. योजना तथा कार्यक्रम छनौट गर्दा अनिवार्य रुपमा वडा समितिको बैठक बसी प्राथमिकता, प्रभावकारीता र औचित्यताको आधार लिनु पर्नेछ । त्यस्ता योजना तथा कार्यक्रम कार्यान्वयन गर्दा पारदर्शिता, मितव्ययीतता, गुणस्तरीयता र कार्यदक्षता जस्ता आधारहरुको अवलम्बन गर्नु पर्नेछ । वडास्तरीय कार्यक्रम र लागत अनुमान स्वीकृत गर्ने सीमा निम्न बमोजिम हुनेछ ।

| | |
|---|---|
| क) निर्माण कार्य | रु. २५,००,०००। |
| ख) मालसमान तथा सेवा | रु. ५,००,०००। |

२. वडा क्षेत्रभित्र रहेका सरकारी वा सार्वजनिक, ऐलानी र पर्ती जमीनमा भएको अतिक्रमणको अध्ययन, अनुगमन र निरीक्षण गरी विवरण संकलन गर्ने । संकलित विवरण प्रमुखसमक्ष पेश गरी विवरणसाथ अतिक्रमण हटाउने र संरक्षण गर्ने ठोस कार्ययोजना समेत पेश गर्ने र स्वीकृत कार्ययोजना बमोजिम अतिक्रमण हटाउन प्रमुख समक्ष सूचना र समन्वय गर्ने । यसरी खाली भएको जग्गा जमिनको संरक्षण, उपयोग र व्यवस्थापनको योजना बनाई प्रमुखसमक्ष पेश गर्ने ।

.......................
(विद्या सुन्दर शाक्य)
प्रमुख

<u>बोधार्थ:</u>
श्री कार्यकारी अधिकृत, का.म.पा.
श्री प्रशासन विभाग, का.म.पा.
श्री वित्त विभाग, का.म.पा.
श्री शहरी पूर्वाधार विकास विभाग, का.म.पा.
श्री शहरी सुव्यवस्था विभाग, का.म.पा. ।
श्री आन्तरिक लेखा परीक्षण शाखा, का.म.पा.

Scanned by CamScanner